मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Ruralmunicipal Executive
स्था: २०७३ (Estd: 2073)
नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या:२०८१/०८२/स्वास्थ्य
Ref. No.: 2081/082/Health
चलानी नं: ५०
Dispatch No.:

मितिः२०८१।०४।२०

विषयः नविकरण सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै (१-६),
मकालु गाउँपालिका,नुम,संखुवासभा ।

प्रस्तुत विषयमा यस मकालु गाउँपालिकाको क्षेत्र भित्र रहि मृगौला प्रत्यारोपण गरेको, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीहरुले नियमित रुपमा औषधी उपचार खर्च बापतको रकम लिईरहेको दिर्घरोगीहरुको प्रत्येक आर्थिक वर्षमा औषधी उपचार बापतको खर्च प्राप्त गर्नको लागि लाभग्राहीहरु स्वयम उपस्थित भई वडा कार्यालयमा नविकरण गर्नु पर्ने मृगौला प्रत्यारोपण गरेको, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीहरुले औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ को दफा (६) मा व्यवस्था भए बमोजिम सम्बन्धी वडाले आफ्नो वडा भित्र रहेको लाभग्राहीहरुको नविकरण गरि यस पालिकामा देहाय बमोजिको कागजात सहित मिति २०८१।०५।१५ गते भित्र उपलब्ध गराई दिनु हुन अनुरोध छ।

**नविकरणको लागि आवश्यक कागजातहरु**

१. कार्यविधि अनुसारको अनुसुचि-१ थान ।
२. कार्यविधि अनुसार अनुसुचि-२ को ढाचाँमा लाभग्राहीले निवेदन १ थान ।
३. राष्ट्रिय परिचय पत्रको आवेदन फाराम भएको हकमा अनिवार्य आवेदन फारम र नभएको हकमा कार्तिक मसान्त सम्म राष्ट्रिय परिचयपत्र पेश गर्न लगाउने ।
४. नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान ।

नोटः जुनसुकै सामाजिक सुरक्षा भत्ता प्राप्त गरि रहेको लाभग्राहीहरुलाई नविकरण नगर्ने ।

२०८१/०४/२०

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

**इन्द्र बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थः**
श्री वडा अध्यक्ष ज्यूहरु सबै- जानकारीको लागि ।

श्री सुचना प्रविधि शाखा-सुचना वेवसाईटमा अपलोड गरिदिनु हुन ।